गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, गोरखा
गण्डकी प्रदेश, नेपाल

## आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रमहरु सञ्चालनका लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशन भएको मितिः २०८१/०४/३०)**

यस केन्द्रको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरु सञ्चालन गर्न इच्छुक गोरखा जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषि समूह तथा सहकारी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०८१ भाद्र २७ गते सम्म) तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | कार्यक्रमको लक्ष्य | बजेट रु. (लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | **खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम** | | | | |
| १.१ | खाद्यान्न बाली उत्पादन प्रवर्द्धन कार्यक्रम | ७५-८५ | २० हेक्टर | २० | कम्तीमा १० घरपरिवार संलग्न भइ न्युनतम १०० रोपनी क्षेत्रफलमा कृषक समूह वा सहकारी मार्फत सञ्चालन गर्नुपर्नेछ। |
| १.२ | खाद्यान्न बालीको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्द्धन कार्यक्रम | ५० | १ पटक | ५ | कृषि फर्म, कम्पनी, कृषक समूह/सहकारी संस्था मार्फत सञ्चालन हुनुपर्ने। |
| २ | **चैतेधान प्रवर्द्धन आयोजना (स्मार्ट प्रविधियुक्त)** (सिंचाइ पुर्वाधारमा सहयोग, यान्त्रिकरण सहयोग, बीउमा सहयोग, प्याकेजिङ्ग तथा बजारीकरणमा सहयोग, सामाग्री ढुवानी) | ७५-८५ | ३५० हेक्टर | ९३.४ | कृषक समूह/सहकारीमा कम्तीमा १० घरधुरी सलग्न भइ समुदायस्तरमा कम्तीमा ५० रोपनी क्षेत्रफलमा चैतेधान खेती गर्नुपर्ने। |
| ३ | **समुदायस्तरमा प्रशोधनयोग्य/खायन आलु प्रवर्द्धन आयोजना** (यान्त्रिकरण सहयोग, बीउमा सहयोग, सिंचाइ पूर्वाधारमा सहयोग, प्राङ्गारिक मल व्यवस्थापन, प्याकेजिङ्ग तथा बजारीकरणमा सहयोग, बीउ आलु उत्पादनमा सहयोग, सामाग्री ढुवानी) | ७५-८५ | ६० हेक्टर | १०१.४ | कृषक समूह वा सहकारी संस्था मार्फत समुदायस्तरमा कम्तीमा १० घरधुरी न्युनतम ३० रोपनी क्षेत्रफलमा प्रशोधनयोग्य/खायन आलु खेती गर्नुपर्ने। |
| ४ | **तरकारी बाली प्रवर्द्धन आयोजना** (व्यवसायिक तरकारी खेती सहयोग कार्यक्रम) | ५० | १ पटक | ३६.२५ | कृषि फर्म/कम्पनीको हकमा खुला जमीनमा २ रोपनी वा संरक्षित संरचना भित्र १४० वर्ग मिटर क्षेत्रफल, कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरपरिवार संलग्न भई १० रोपनी वा संरक्षित संरचनामा ७०० वर्ग मिटर क्षेत्रफलमा खेती गर्नुपर्ने। |
| ५ | **फलफूलबाली विकास आयोजना** (फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम) | ५० | १५ हेक्टर | २२.५ | कृषि फर्म/ कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/ सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भइ कम्तिमा ३० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने। |
| ६ | **बीउ उत्पादन प्रवर्द्धन आयोजना** (आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम) | ५० | ३ हेक्टर | ४.५ | खाद्यान्न बाली, तरकारी बाली, आलु, तेलहन र दलहन बालीको क्लस्टरमा बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्नुपर्ने। |
| ७ | **मसला तथा निर्यातयोग्य बाली प्रवर्द्धन आयोजना** (मसला तथा निर्यातयोग्य बाली उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम) | ५० | ३ पटक | ६ | कृषि फर्म/कम्पनीको हकमा अलैंची खेतीको लागि कम्तीमा २० रोपनी र अदुवा, बेसार, लसुन, प्याज, खुर्सानी आदि खेतीको लागि कम्तीमा १० रोपनी र समूह/ सहकारीको हकमा ५० रोपनी क्षेत्रफलमा खेती गरेको हुनुपर्ने। |
| ८ | **रैथाने बाली प्रवर्द्धन आयोजना** (रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम) | ८५ | ६ हेक्टर | ६.७५ | पहाडको हकमा कम्तीमा २० रोपनी र उच्च पहाडको हकमा कम्तीमा १० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने। |

**आवश्यक कागजातहरु:**

१) रु. १०/- को हुलाक टिकट टाँस गरेको निवेदन
२) प्रस्तावना फाराम
३) नेपाली नागरिकताको प्रमाणपत्र
४) जग्गाधनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि
५) वडा कार्यालय/सम्बन्धित पालिकाको कृषि शाखाको सिफारिस पत्र
६) समूह/सहकारी संस्थाको बैठक निर्णयको प्रतिलिपि
७) फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, नविकरण प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि, अघिल्ला दुई आर्थिक बर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र।

**पुनश्च:** माथि उल्लेखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ (छैटौं संशोधन, २०८१) र कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशको कार्यक्रम सञ्चालन सम्बन्धी स्वीकृत/संशोधित मापदण्ड अनुसार सञ्चालन हुनेछ।

**थप जानकारीको लागि**

कृषि ज्ञान केन्द्र, गोरखा फोन नं. ०६४-४२०११३, कार्यालय प्रमुख फोन नं. ९८५६०३०६४९, सूचना अधिकारी फोन नं. ९८५६०४०६४९

मिरा चौधरी
कार्यालय प्रमुख